**नेपाली / *NEPALI***

*जुन २ - यो सन्देश चाइल्डकेयर र खाना तयार गर्ने अवस्थाहरूमा र म्याडिसन मेट्रो बसहरूको बारेमा थप जानकारीको साथ अपडेट गरिएको छ।*

**विषय: *COVID-19* नीति बदल: कार्यक्रम, मास्क, बाहिरको भौतिक दूरी**

जुन २ देखि शुरू हुने गरी क्याम्पसका कार्यक्रम, मास्क र बाहिरको भौतिक दूरी सम्बन्धी नीतिहरू बदलिँदैछन्।

**मास्कहरू**

पूरा रूपमा खोप लगाएका व्यक्तिहरूले *UW–Madison* क्याम्पसको प्रायजसो भवन भित्रको ठाउँहरूमा मास्क लगाउन आवश्यक हुनेछैन। खोप नलगाएका व्यक्तिहरूले भवनहरू भित्र मास्क लगाउन जारी राख्नुपर्नेछ। कुलपतिको मास्कको आदेश रद्द भएको छ। क्लिनिक र स्वास्थ्य हेरचाह, चाइल्डकेयर र खाना तयार गर्ने अवस्थाहरूमा खोप लगाएको स्थितिलाई ध्यान नदिई मास्कको आवश्यक पर्न सक्दछ। अरूले केही खास अवस्थाहरूमा मास्क लगाउनको लागि छनौट गर्न सक्दछन् र व्यक्तिगत मास्क लगाउने कुरालाई खोप लगाएको खोप नलगाएको स्थितिको सूचकको रूपमा लिइनु हुँदैन।

संघीय कानूनले आवश्यक गरे अनुसार, म्याडिसन मेट्रो बसले घोषणा गरेको छ कि बस ट्रान्स्फरमा, स्टपमा र बस चढेर ओर्लिउञ्जेलसम्म सबै व्यक्तिहरूले मास्क लगाउनुपर्दछ।

क्याम्पसमा बाहिरको ठाउँहरूमा मास्कको आवश्यकता छैन; तर, भौतिक दूरी कायम सम्भव नभए खोप नलगाएकाहरूलाई मास्क लगाउन प्रोत्साहन गरिन्छ।

खोप नलगाएका कुनै पनि व्यक्तिले गाडि चलाउँदा वा अरूसँग सवारीमा चढ्दा मास्क लगाउनु पर्दछ। खोप नलगाएको व्यक्तिको साथ यात्रा गर्दा सवारीसाधनको क्षमता ५० प्रतिशत भन्दा बढी नबनाउन सल्लाह दिइन्छ। यस बदललाई समेटेर क्याम्पसको यात्रा नीति अपडेट गरिएको छ।

**कार्यक्रमहरू**

- बाहिरको कार्यक्रमहरू: क्याम्पसमा वा क्याम्पस बाहिरका विश्वविद्यालय सम्बद्ध कार्यक्रमहरूको सङ्ख्यामा कुनै सीमा हुनेछैन। खोप नलगाएका व्यक्तिहरूले छ फिटको भौतिक दूरी कायम गर्नुपर्दछ र यदि भौतिक दूरी सम्भव नभए, मास्क लगाउनुहोला।

- भित्रको कार्यक्रमहरू: एकै घरका बस्ने ठाउँका सदस्यहरू नभएका उपस्थित सबैलाई (खोप लगाएका र नलगाएका) कम्तिमा ६ फिट भौतिक दूरी कायम राख्ने तरिकाले कार्यक्रमको सङ्ख्या अधिकतम स्वीकार्य सङ्ख्यामा सीमित हुनेछन्। थपमा, खोप नलगाएका व्यक्तिहरूले मास्क लगाउनु पर्दछ।

दर्ता भएका विद्यार्थी संगठनहरूको (*RSOs*) लागिको नीति पढ्नुहोस्
स्कूल/कलेज/विभागहरूको लागिको नीति पढ्नुहोस्

**भौतिक दूरी**

- बाहिर: खोप लगाएका व्यक्तिहरूलाई बाहिर भौतिक दूरीको आवश्यक अब पर्दैन। खोप नलगाएका व्यक्तिहरूले ६ फिटको भौतिक दूरी कायम गर्नुपर्दछ र यदि भौतिक दूरी सम्भव नभए, मास्क लगाउनुहोला।

- भित्र: खोपको अवस्था जेभएपनि भित्रको भौतिक दूरी कम्तिमा ६ फिट रहन्छ। (कार्यक्रमहरूको मार्गदर्शनका लागि कार्यक्रमहरूको नीति हेर्नुहोला)

यी निर्णयहरू *COVID-19* विरूद्धको खोपले कडा सुरक्षा प्रदान गर्दछ भन्ने प्रमाणको आधारमा लिइएका हुन्। किनभने पूरा रूपमा खोप नलगाएका व्यक्तिहरूसँग यो सुरक्षा हुँदैन, आफैँलाई र अरूलाई बचाउन, उनीहरूले भवन भित्र (बन्द अफिसमा एक्लै काम नगरेसम्म) र बाहिर भौतिक दूरी कायम गर्न नसकिने अवस्थामा मास्क लगाउन जारी राख्नुपर्दछ।

यो नीति *Centers for Disease Control and Prevention* र को निर्देशन अनुरूप छ। क्याम्पस र समुदायभरी व्यापक खोप लगाउने दरहरूले पनि यो नयाँ नीतिलाई सम्भव बनाउँदछ। *CDC* का अनुसार डेन काउन्टीमा राष्ट्रिय स्तरमा अरूठूलो काउन्टीहरूको मध्री सबैभन्दा धेरै खोप लगाउनेको दर छ।

**यदि तपाईंले *UW Health* वा अन्य क्याम्पस बाहिरका प्रदायकबाट खोप लगाउनु भएको छ र अझै तपाईंको रेकर्ड अपलोड गर्नुभएको छैन भने, कृपया तपाईंको खोपको रेकर्ड *UHS* मा अपलोड गर्नुहोला।** हामीले जति धेरै हाम्रो समुदायको खोपको अवस्थाअ बुझ्दछौं, क्याम्पस सञ्चालनहरू र स्वास्थ्य नीतिका बारेमा राम्रो निर्णयहरू बनाउन सक्दछौं।

विद्यार्थी, कर्मचारी र १२ बर्ष वा माथि उमेरका सर्वसाधारणका लागि क्याम्पसमा नि:शुल्क खोप उपलब्ध हुन जारी रहनेछ। आजदेखि क्याम्पसको खोप क्लिनिक *University Health Services* 333 E. Campus Mall को छैठौं तल्लामा रहनेछ।

*COVID-19* का खोपहरू धेरै सुरक्षित र एकदमै प्रभावकारी छन्। *UW–Madison* ले तपाईं आफू, आफ्नो प्रियजन र तपाईंको समुदायलाई बचाउन खोप लगाउने छनौट गर्न प्रोत्साहन गर्दछ।

## धेरै सोधिएका प्रश्नहरू (*FAQ*)

**प्र – के मसँग काम गर्ने सहकर्मीहरूको खोपको अवस्था बारेमा मलाई जानकारी दिन सकिन्छ ?**
सकिँदैन। कर्मचारीहरूले सहकर्मीहरूलाई उनीहरूले खोप लगाएको छन् या छैनन् भनेर सोध्न मिल्दैन। त्यहीपनि कर्मचारीहरू आफ्नो इच्छाले आफूले खोप लगाएको छन् भने बताउन सक्दछन्।

**प्र – कसैले मास्क लगाउनु पर्दछ या पर्दैन भनेर मैले कसरी थाहा पाउन सक्दछु ?**
अरूहरूको खोपको अवस्थाको बारेमा जान्न चाहनु स्वभाविक हो तर याद गर्नुहोस् कि *COVID-19* बाट आफूलाई बचाउन सबैभन्दा महत्त्वपूर्ण काम भनेको आफूले खोप लगाउनु हो। यदि कुनै खोप नलगाएका व्यक्तिले मास्क लगाउँदैनन् भने, तपाईं होइन, तर उनीहरू *COVID-19* सङ्क्रमण हुने बढी जोखिममा छन्। हामी सबै विद्यार्थी र कर्मचारीहरूलाई खोप छान्नका लागि कडा हौसला दिन्छौं जुन क्याम्पसमा नि: शुल्क नै उपलब्ध छ।

कसैले खोप लगाएको छन् वा मास्क लगाएका नलगाएका छन् सोध्न उचित हुँदैन।

हामीले अरूको खोपको अवस्था वा स्वास्थ्य चिन्ताहरू जान्दैनौं भन्ने बुझ्दै हामी हाम्रो क्याम्पस समुदायका सबै सदस्यहरूलाई अरूहरूको र वहाँहरूले छनौट गर्नुभएको सुरक्षाको व्यवहारको पनि आदर गर्न जारी राख्न आग्रह गर्दछौं।

**प्र – के मैले खोप लगाएतापनि मास्क लगाउन जारी राख्न सक्दछु ?**
सक्नुहुन्छ।

**प्र – खोप नलगाएका व्यक्तिहरूको लागि मास्क लगाउने अपेक्षा कसरी कार्यान्वयन भइरहेको छ ?**
हामी हाम्रो समुदायलाई कसरी मास्क लगाएर खोप नलगाएका व्यक्तिहरूलाई गम्भीर रोगबाट आफैँलाई जोगाउन सक्दछन भन्ने बारे निरन्तर शिक्षा दिन जारी राख्दछौं।

**प्र – के यो गर्मी महिनाहरूमा मेरो युनिट/प्रयोगशाला/कक्षा/कार्यक्रमहरूले सबै सहभागीहरूलाई हरियो *Badger Badge* को आवश्यकता गर्न सक्दछन् ?**
सक्दछन्। कर्मचारी अनुगमन पहुँचले पहिले तालिम र दर्ता फारम पूरा गर्नु पर्दछ।

**प्र – के मेरो युनिट/अनुसन्धान प्रयोगशाला/कार्यक्रमले खोप लगाएको अवस्था बिना सबैलाई मास्क लगाउन आवश्यक गर्न सक्दछ ?**
क्लिनिक वा स्वास्थ्य सेवा अवस्था नभएसम्म, सक्दैनन्। तर यी अवस्थाहरूमा मास्क लगाउन प्रोत्साहन गर्न सकिन्छ। थपमा, खोप लगाएका वा नलगाएका जो कोहीले भित्र वा बाहिर मास्क लगाउन जारी राख्न सक्दछन्।

**प्र – म एक प्रशिक्षक हुँ - के मैले मेरो कक्षाकोठामा मास्क लगाउन प्रोत्साहन गर्न वा आवश्यक बनाउन सक्छु ?**
प्रशिक्षकहरूले आफ्नो कक्षाकोठामा सबै विद्यार्थीहरूलाई मास्क लगाउन प्रोत्साहन गर्न सक्दछन् तर आवश्यक बनाउन सक्दैनन्।

**प्र – एक विद्यार्थीले खोप नलगाएको कुरा खुलासा गरेर र मास्क लगाउन अस्वीकार गरे। कुन कदम चाल्नु पर्दछ ?**
विद्यार्थीलाई खोप नलगाएकाहरूको लागिको मास्कको अपेक्षाको बारेमा सम्झाउनुहोस्, सुरक्षित रहन खोप लगाउन प्रोत्साहन गर्नुहोस्, र यदि विद्यार्थीले पालना नगरे विद्यार्थी आचरण र सामुदायिक मापदण्डको कार्यालयमा (*Office of Student Conduct and Community Standards*) सम्पर्क गर्नुहोला।

**प्र – मैले सुपरभाईज गर्ने कर्मचारीले खोप नलगाएको कुरा खुलासा र मास्क लगाउन अस्वीकार गरे। मैले के गर्नु पर्दछ ?**
कर्मचारीलाई खोप नलगाएकाहरूको लागिको मास्कको अपेक्षाको बारेमा सम्झाउनुहोस्, सुरक्षित रहन खोप लगाउन प्रोत्साहन गर्नुहोस्, र यदि कर्मचारीले पालना नगरे तपाईंको युनिटको मानव संसाधन प्रतिनिधिलाई सम्पर्क गर्नुहोला।

**प्र – के भौतिक दूरी कायम राख्ने आवश्यकता अझै पनि छ ?**
खोपको अवस्था जे भएपनि भित्रको भौतिक दूरी कम्तिमा ६ फिट रहन्छ। खोप नलगाएका व्यक्तिहरूले बाहिर ६ फिटको भौतिक दूरी कायम गर्नुपर्दछ र यदि भौतिक दूरी सम्भव नभए, मास्क लगाउनुहोला।

**प्र – मैले पूरा रूपमा खोप लगाएतापनि मसँग एक स्वास्थ्यको अवस्था छ (वा मेरो परिवारको सदस्यसँग एक स्वास्थ्य अवस्था छ) जसले मलाई (वहाँहरूलाई) गम्भीर बिरामी हुने खतरामा पार्दछ यदि मलाई (वहाँहरूलाई) *COVID* लाग्यो भने। मलाई उनीहरू पूरा रूपमा खोप लगाएका छन् भन्ने थाहा नभएसम्म मास्क नलगाउने मान्छेहरू वरिपरि रहन सजिलो लाग्दैन। मैले के गर्न सक्दछु ?**

कृपया सचेत रहनुहोस् कि धेरैजसो कर्मचारी र विद्यार्थीहरूले कम्तिमा खोपको एउटा डोज पाइसकेका छन् र धेरैले पूरा रूपमा खोप लगाएका छन्। तपाईं चाहनुहुन्छ भने मास्क लगाउन जारी राख्न सक्नुहुन्छ। यदि तपाईंसँग स्वास्थ्य अवस्था सम्बन्धित विशेष चिन्ताहरू छन् भने, कृपया तपाईंको विभागीय अशक्तता प्रतिनिधिसँग (*Divisional Disability Representative*) कुरा गर्नुहोला।

**प्र – डेन काउन्टीमा हालमा मास्कको नीति के छ ?**

जुन २ बाट प्रभावकारी हुने गरी *Public Health Madison & Dane County* ले मास्क लगाउने जनस्वास्थ्य आदेश लागू गर्ने छैनन्। *PHMDC* ले खोप नलगाएका व्यक्तिहरूलाई भित्र मास्क लगाउन जारी राख्न सल्लाह दिँदछ।

**प्र – डेन काउन्टीमा हालमा जमघटको नीति के छ ?**

जुन २ बाट प्रभावकारी हुने गरी *Public Health Madison & Dane County* ले जमघटको जनस्वास्थ्य आदेश लागू गर्ने छैनन्।